# व्यावसायिक च्याउखेती प्रविधि पुस्तिका

**(२०७७/०७८)**

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**व्यवसायिक किट विकास केन्द्र**

बन्दिपुर, तनहुँ, गण्डकी प्रदेश, नेपाल

फोन : ०६५-५२०१०४, ९८५६०६३१०४, ९८५६०६३१०५

**Email:** cie.gandaki77@gmail.com

**Website:** cie.gandaki.gov.np

# विषय सूची


१) परिचय ........................................................................ १

२) च्याउखेतीको महत्व ........................................................... १

३) केही च्याउ खेती प्रविधि ................................................... ४

(क) कन्येच्याउ खेती ........................................................... ४

- कन्येच्याउ खेती गर्ने समय ............................................. ५
- कन्येच्याउ खेती गर्ने तरिका ............................................ ५
- च्याउ टिप्ने ........................................................... ७
- रोग र कीरा नियन्त्रण ................................................... ७
- च्याउ सुकाउने तरिका .................................................. ८

(ख) गोब्रे च्याउखेती ............................................................ ८

- आवश्यक सामग्रीहरु .................................................... ९
- खेती गर्ने समय ........................................................ ९
- कम्पोष्टमलको तयारी ................................................... ९
- कम्पोष्ट मल बनाउन परालालाई पल्टाउने समय तालिका .... १०
- कम्पोष्ट मल तयार भएको जाँच्ने तरिका ......................... १०
- च्याउ रोप्ने तरिका .................................................... ११
- माटोले छोप्ने (केसिङ्ग) .............................................. १२
- च्याउ टिप्ने ........................................................... १२
- रोग र कीराको रोकथाम ................................................ १३
- गोब्रेच्याउ खेतीको खर्च र आम्दानीको अनुमान ................. १३
- च्याउखेतीमा संलग्न निकायहरु ...................................... १४

ग) सिताके च्याउखेती .......................................................... १४

- परिचय ................................................................. १४
- आवश्यक सामग्रीहरु ................................................... १५

- काठको छनोट ........................................................... १५
- काठको मुढाको तयारी ................................................... १५
- काठको मुढामा प्वाल पारी बीउ रोप्ने तरिका ..................... १६
- काठका मुढाहरुको हेरचाह ............................................ १७
- च्याउ फलाउने तरिका .................................................. १८
- च्याउ फले पछि मुढाको हेरचाह ..................................... १८
- च्याउ उत्पादन हुने अवस्था ........................................... १९
- समस्याहरु ................................................................ १९

४) च्याउ उत्पादन आम्दानी खर्च अनुमान ........................................ १९

५) च्याउ विषबाट बच्न अपनाउनु पर्ने केही सावधानीहरु ..................... २१

**सन्दर्भ सूची**

## १) परिचय

च्याउ एक किसिमको हरितकण नभएको ढुसी (वनस्पति) हो। नेपालको बनमा र खेती गरिंदै आएका समेत गरी धेरै प्रकारका च्याउ नेपालमा पाइन्छन्। जसमध्य धेरै वन-जङ्गलमा आफैँ हुर्के, बढेका पाईन्छन्। केही च्याउका जातहरुलाई न्यानो र सफा खालको ठाउँमा मानिसले चाहेको समयमा खेती गर्न सकिन्छ र गर्दै आइएको छ । धेरै विदेशीहरु नेपालमा विविध काम (नोकरी, भ्रमण) ले आउनु, नेपालीहरु विभिन्न मुलुकमा घुमेर आउँदा च्याउको महत्त्व बुझेर आउनु र स्वदेशमा नै बस्ने नेपालीहरुले विभिन्न माध्यम (शिक्षा, सञ्चार, कृषि कार्यक्रम आदि) बाट च्याउको पौष्टिक महत्त्व बुझ्दै आएको हुँदा आजकल नेपालमा पनि च्याउको उत्पादनसंगै उपभोग पनि निकै बढेको छ। यसरी बढेको च्याउको माग पुरा गर्न विदेशबाट लामो समयसम्म नसड्ने गरी डिब्बा बन्द गरिएका च्याउ र तिनका परिकार ल्याउने गरिएको छ। च्याउको बढ्दो मागसँगै देशमा बढ्दै गएको चेतनशिल व्यक्तिहरुको बेरोजगारीले विगतका केही वर्ष यतादेखि च्याउ खेती अति लोकप्रिय बन्दै आएको छ। नेपालका ठूल्ठूला शहर बजार र यिनको आसपासको क्षेत्रमा च्याउखेती व्यावसायिक रुपमा गर्ने गरिएको पाईन्छ भने अरु गाउँ ठाउँमा सामान्य घरायसी रहर (खाँचो) टार्ने वा शोखले पनि यसको खेती गर्ने गरेको पाईन्छ।



## २) च्याउखेतीको महत्व

च्याउखेतीको महत्त्व यस प्रकार छः

१. च्याउखेती खेत-बारीवाट निस्केको त्यत्तिकै खेर जाने बस्तुहरु उपयोग गरेर घर वा टहराभित्र गरिने खेती हो। यसैले किसानहरुका लागि यो आम्दानीको थप स्रोत हो।

२. आजकल जुनसुकै काम गर्दा उक्त कामले वातावरणमा कस्तो प्रभाव पार्छ भनी बुझेर वातावरणमा कम भन्दा कम असर पार्ने कामहरुमात्र गर्नुपर्छ। च्याउखेती गर्नाले विभिन्न प्रकारका खेतीबालीवाट उत्पादित उप-उत्पादन ( धानको पराल, गहुँको छ्वाली, तोरीको गट्टे, आदि) हरुको सही खपत हुन गई वातावरणमा कुनै नराम्रो असर पर्दैन बरु वातावरण सप्रन्छ।

३. च्याउमा हाम्रो शरीरलाई आबश्यक नौ प्रकारका अमिनो अम्लहरु (Amino Acids) पाईन्छन्। यसको साथमा प्रोटीन, कार्बोहाईड्रेट, चिल्लोपदार्थ, खनिजपदार्थ, भिटामिन जस्तै विभिन्न प्रकारका पौष्टिक तत्वहरु पाईन्छन्। ताजा तौलको आधारमा गोब्रेच्याउमा पाईने पोषकतत्वहरु यस प्रकार छन्:
पानी ९० प्रतिशत, प्रोटीन ४ प्रतिशत, कार्बोहाईड्रेट ४.५ प्रतिशत, चिल्लोपदार्थ १ प्रतिशत, खनिज पदार्थ (भष्म) १.३ प्रतिशत, रेशादार पदार्थ (Crude fibre) १ प्रतिशत र भिटामिन।

४. च्याउ खानाले क्यान्सर लगायतका कोलेष्टेरोलयुक्त आहारा धेरै खाएमा लाग्ने रोगहरु (मुटुको रोग) लाग्नबाट बचाउँछ।

५. च्याउखेती गर्न कम लगानी भए पुग्छ भने आम्दानी अरु खेतीको तुलनामा निकै बढी हुन्छ।

६. च्याउको बिक्रीमूल्य धेरै हुने हुँदा थोरै उत्पादनवाट पनि धेरै नगद आम्दानी गर्न सकिन्छ।

७. च्याउखेती किसानहरुले अरु कामवाट बचेखुचेको समयमा पनि गर्न सक्छन्।

हाम्रो देशको जङ्गलमा धेरै प्रकारका च्याउहरु पाईन्छन्। जसमध्ये धेरै विषालु हुन्छन्। च्याउको पौष्टिक तत्व र स्वादका पारखीहरु च्याउ खान साह्रै लोभिन्छन र जङ्गलमा गएर च्याउ ल्याएर खान्छन। तर दुर्भाग्यबस हामी बर्षेपिच्छे पचासौं ब्यक्तिको ज्यान गएको समाचार पढ्न बाध्य हुन्छौं। यसो हुनुको मुख्य कारण च्याउ पारखीहरुले च्याउको महत्व बुझ्नु तर त्यसको अबगुण प्रति सजग नभएर हुनसक्छ।

च्याउ हाम्रो देशको लागि नयाँ वस्तु होईन। हाम्रा पाखा-पर्बतका बन-जङ्गलमा पाईने विभिन्न प्रकारका च्याउ हजारौँ बर्षदेखि मानिसहरुले खाँदै आएका छन्। उनीहरुले कुन च्याउ बिषालु हुन्छ र कुन हुँदैन भन्ने आधारहरु धेरै त जानेका हुन्छन। ती आधारहरु जान्दा जान्दै पनि बेला-बखतमा दुर्घटना हुने गर्दछन्। त्यसैले यी आधारहरु पूर्णरुपले सुरक्षित छैनन्। च्याउ उपभोगमा पूर्ण सुरक्षा त्यति बेलामात्र रहन्छ जतिबेला उपभोक्ता वा उत्पादकले उन्नत प्रविधि अपनाएर उत्पादित च्याउको बीउ प्रयोग गरी च्याउखेती गरेर सम्बन्धित अधिकारी (विशेषज्ञ)हरुको सँस्थावाट मान्यता प्राप्त पर्चा (च्याउ उत्पादकको नाम, ठेगाना, मिति, च्याउको जात आदि खुलेको) लगाईएको हुन्छ। नेपालमा हाल खेती गरिँदै आईएका यस्ता च्याउका जातहरु पाँचवटा छन्:

१. कन्येच्याउ
२. गोब्रेच्याउ
३. परालेच्याउ
४. सिताकेच्याउ
५. रातोच्याउ

यी जातमध्ये परालेच्याउ परालको मुठामा च्याउको बीउ रोपेर गर्नुपर्ने र तापक्रम पनि अलि बढी आबश्यक पर्ने हुँदा पराल धेरै हुने क्षेत्र तराईमा गरिन्छ भने सिताकेच्याउ चाहीँ काठका मुढामा वा काठको धुलोमा बीउ रोपेर खेती गरिन्छ। सिताके च्याउको महत्त्व र माग अलि बढी भएकोले यसको बजार भाउ करिब चौबर (रु. ५००।- प्रति किलोग्राम) छ। यसको खेती हालसालै मात्र शुरु भएको छ। गोब्रेच्याउको खेती काठमाडौं उपत्यका र आसपासका जिल्ला जस्तै काभ्रे, नुवाकोट, मकवानपुर, धादिङमा गरिन्छ भने कन्येच्याउको खेती उपत्यका लगायत नेपालको उच्चपहाड समेतको सबै क्षेत्रमा गरिँदै आएको पाईन्छ।

## ३) केही च्याउ खेती प्रविधि

### (क) कन्येच्याउ खेती



यो च्याउको ढुसी धागो जस्तो मसिनो र सेतो रङ्गको हुन्छ। जङ्गलमा प्राकृतिक अवस्थामा आफै उम्रने च्याउहरु आवश्यक तापक्रम र चिस्यान (सापेक्षित आर्द्रता) पाएपछि यस्तो ढुसी फल्न थाल्छ जसलाई नै च्याउ भनिन्छ। नेपालका जङ्गलमा पाईने विभिन्न किसिमका कन्येच्याउ मध्य केही प्रकारका च्याउलाई मानिसको चाहनाअनुसार खेती गर्ने प्रबिधिको विकास भएको छ जसलाई कन्ये च्याउखेती भनिन्छ। यो च्याउको खेती धानको पराल, गहुँ वा जौको छ्वाली, तोरीको गट्टे, मकैको ढोड र खोसेल्टा आदीमा गर्न सकिन्छ।

**तालिका १ : कन्येच्याउ खेती गर्न आवश्यक सामग्रीहरु**

| क्र. सं. | सामग्री | ईकाई | परिमाण |
|---|---|---|---|
| १ | पराल वा छ्वाली | कि.ग्रा. | १०० |
| २. | पराल काट्ने कैंची वा हँसिया | संख्या | १ |
| ३ | च्याउको बीउ | बोतल | २० |
| ४. | प्लाष्टीक ब्याग | कि.ग्रा. | २ |
| ५ | ड्रम वा फोसी-पोटासी (सेट) | संख्या | १ |
| ६. | दाउरा वा मट्टीतेल | | आवश्यकता अनुसार |
| ७ | स्टोभ वा चुल्हो | संख्या | १ |
| ८. | मसिनो डोरी वा सुतरी | कि.ग्रा. | १ |

**कन्येच्याउ खेती गर्ने समय :**

नेपालको सन्दर्भमा यो च्याउ गर्मी र जाडो दुबै मौसममा गर्न सकिन्छ। यसको खेती तराई र बेसीमा हिउँदमा गरिन्छ भने पहाड र उच्च पहाडमा गर्मी र वर्षा ऋतुमा गर्न सकिन्छ। जाडो र गर्मी मौसममा गरिने यस च्याउका जातहरु केही फरक छन्।

**कन्येच्याउ खेती गर्ने तरिका :**

यो च्याउको खेती धानको पराल, गहुँ वा जौको छ्वाली, तोरीको गट्टे, मकैको ढोड र खोसेल्टा, उखुको छोक्रा आदिमा गर्न सकिन्छ। पराल सफा र कुनियो लगाएको हुनु राम्रो हुन्छ। आबश्यकता अनुसारको परिमाणको पराल जोखेर २-३ अङ्गुल लामो टुक्रा पारेर काट्नुपर्छ। यसरी टुक्रा पारेको पराललाई ३-४ घण्टासम्म सफा पानीमा भिजाउनुपर्छ। पराल भिजाएको पानी सफा नभए सफा पानीले एकपटक सफा हुनेगरी पखाल्नु राम्रो हुन्छ। अब यो परालको पानी तर्काउन पानीवाट झिकेर सफा ठाउँमा २-४ घण्टा त्यत्तिकै राख्नु पर्छ। परालको पानीको मात्रा ठीक भयो कि भएन भनी परालालाई मुठीमा लिएर निचोर्दा चिसो हातमा मात्र लाग्यो पानी भुईंमा चुहिएन भने चिस्यान ठीक छ भन्ने बुझिन्छ। अब यो परालालाई बफाउनु पर्छ।

**अ) पराल बफाउने तरिका :**



पराल बफाउनको लागि माटोको घ्याम्पो (फोँसी) र पोटासीलाई प्रयोग गर्नु सजिलो हुन्छ। आगोमाथि आधा जति पानी सहितको फोसी (ताउलो वा दिप्ची) र त्यसमाथि पोटासी (घ्याम्पो) राख्ने र त्यस घ्याम्पोमा पराल काटेर भिजाएको पराल राम्ररी खाँदेर राख्ने त्यस घ्याम्पोलाई राम्रोसँग ढकनी लगाएर आधा घण्टासम्म बफाउनु पर्छ। यसरी बफाउनाले परालमा भएका हानिकारक कीरा, रोगका किटाणुहरु नष्ट हुन्छन्। पराल बाफिएपछि कि त त्यही भाँडोमा कि कुनै

सफा ठाउँमा राखेर सेलाउनु पर्छ। यदि ड्रममा बफाउने हो भने ड्रमको पिँधमा ३-४ वटा ईट वा ओदान राखेर त्यसमाथि कुनै प्वालैप्वाल भएको वस्तु (तारको जाली वा चाल्नो) राखेर ड्रमको पिँधको पानीमा डुब्नबाट बचाउनु पर्छ र माथिबाट हावा छिर्न नदिने बस्तु(प्लाष्टिक) ले ढाकेर रबर वा डोरीले हावा बन्द हुने गरी बाध्नुपर्छ। अनि आधा घण्टा देखि एक घण्टासम्म बफाए पछि पराललाई सफा ठाउँमा सेलाएको परालमा च्याउको बीउ रोप्नुपर्छ।

**आ) च्याउको बीउ रोप्ने तरिका :**

यो च्याउको बीउ (ढुसि) लाई गहुँको दानामा बनाईएको हुन्छ। यसको बीउलाई १२ ईञ्च × १८ ईञ्च वा १६ ईञ्च × २६ ईञ्च आकारको प्लाष्टीकको थैला वा झोलामा रोप्नुपर्छ। उक्त आकारको थैलाको प्रत्येक ४-५ अङ्गुलको फरकमा पर्ने गरी हावा छिर्ने स-साना प्वाल पार्नु पर्छ। यस्ता प्वाल पार्न पञ्चिङ मेसिनको प्रयोग उपयुक्त हुन्छ। यसरी तयार भएका थैलामा ४-५ अङ्गुल पराल राखेपछि च्याउको बीउ छर्नु पर्छ। बीउ छर्दा बीचमा अलि कम र छेउछेउमा बढी छर्नुपर्छ। प्रत्येक ४-५ अङ्गुल परालको तहमा बीउ राख्दै थैलो भरिए पछि सुतरी (डोरी) ले थैलो टन्न कसिने गरी थैलाको मुख बाँधेर ३ हप्तासम्म अँध्यारो र न्यानो कोठामा राख्नुपर्छ।



**इ) च्याउको स्याहार गर्ने तरिका :**

च्याउको बीउ रोपेका यी थैलाहरु राख्ने कोठाको तापक्रम सरदरमा २२-२५ डिग्री सेन्टीग्रेड हुनुपर्छ। बीउ रोपेको २०-२२ दिनमा च्याउको ढुसी फिजिएर परालभरी सेतो देखिन्छ। यस्तो सेतो नदेखिएमा अरु २-४ दिन त्यत्तिकै रहन दिनुपर्छ। यदि ढुसि बाक्लै फिजिएको भए प्लाष्टीकलाई धारिलो चक्कु वा कैंचीको मद्दतले काटेर हटाउनु पर्छ र उक्त डल्लोलाई एक एक

बित्ताको फरकमा सफा ईट वा ढुङ्गामाथि राख्नुपर्छ। अब यी डल्लाहरुमा दिनको २-३ पटक हलुका पानी दिनुपर्छ। पानी दिनका लागि बिषादिको लसपस नभएको स्प्रेयर प्रयोग गर्नु उपयुक्त हुन्छ। पानी दिंदा डल्ला भिजेपछि वरिपरिको खाली ठाउँमा बढी पर्न दिनु पर्छ जसले गर्दा कोठाको आर्द्रता कायम राख्न सहयोग पुग्छ। यस अवधिमा कोठाको तापक्रम २०-३० डिग्री सेन्टीग्रेड हुनुपर्छ। प्लाष्टीक खोलेर पानी दिएको ४-५ दिनमा डल्लामा मसिना कनिका जस्तै च्याउका मसिना फल देखिन्छन्। यसको करिब ४-५ दिनमा च्याउ टिप्न सकिन्छ।



**च्याउ टिप्ने :**

च्याउ फल्ने समयमा कोठामा हावाको सञ्चालन राम्रो हुनुपर्छ। च्याउ टिप्दा डल्लामा च्याउका ठुटा रहन नदिईकन टिप्नु पर्छ। च्याउ टिपे पछि पनि डल्लाहरुमा पहिले जस्तै दिनको २-३ पटक हलुका पानी दिई रहनु पर्छ। प्रत्येक ७-१० दिनको अन्तरमा अरु ३-५ पटकसम्म च्याउ टिप्न सकिन्छ। यो प्रविधिअनुसार च्याउखेती गर्दा १ किलोग्राम परालबाट सरदरमा ४०० ग्राम च्याउ उत्पादन हुन्छ र बढीमा १ किलो नै।



**रोग र कीरा नियन्त्रण :**

च्याउखेती भई रहेका परालका डल्लाहरुमा कहिले कही कीरा लाग्न सक्छ। यस्तो अवस्थामा खान तयार भएको च्याउ टिपे पछि २ मिलिलिटर नुभान भन्ने विषादीलाई १ लिटर सफा पानीमा राम्ररी घोलेर छर्नुपर्छ। नीलो, हरियो, पहेँलो कुनै रङ्गको ढुसीजन्य रोग पनि लाग्न सक्छ। यस्तो अवस्थामा सफा कपासलाई स्पिरिटमा भिजाएर यस्तो रोगको लक्षण देखिएको ठाउँलाई

पुछेर सफा गर्नुपर्छ। कुनै डल्लामा धेरै रोग लागेको भए त्यसलाई उक्त कोठावाट नै हटाउनुपर्छ। जङ्गली च्याउ (कालो लामो) उम्रेको भेटिएमा त्यसको फेदवाटै उखलेर नष्ट गर्नु पर्छ।

**च्याउ सुकाउने तरिका :**



च्याउलाई सुकाएर पछिसम्म खान सकिन्छ। च्याउ धेरै उत्पादन हुने समयमा ताजा च्याउको मूल्य घटेर खर्च बराबरको मूल्यमा बिक्री नहुन पनि सक्छ वा सुकाएको च्याउलाई टाढाको वा विदेशी बजारमा विक्री गरी बढी मूल्य लिने अवस्थामा पनि च्याउलाई सुकाउनु पर्ने हुन्छ। यो च्याउको आकार करिब कान जस्तो अर्थात चेप्टो आकारको हुने हुँदा सुकाउनु पहिले २ वा ३ टुक्रा हुने गरी ठाडो(रेसातर्फ) काट्न वा चिर्न सकिन्छ वा नचिरीकन पनि खाली सियो र धागो लिएर माला बनाई सुकाउनु पर्छ। च्याउ सुकाउँदा सिधै घाम पर्ने ठाउँमा सुकाउनु हुँदैन। यसरी सुकाउँदा च्याउको रङ्ग नराम्रो हुन्छ र पौष्टिक तत्व पनि घट्छ। त्यसैले झ्याल-ढोका खुला भएको हावा खेल्ने कोठामा सुकाउनु पर्छ। आजकल देशका ठूला बजार देखि दुर्गमसम्म सौर्यशक्तिवाट सञ्चालन हुने उपकरण (Solar Dryer) वाट छोटो समयमा धेरै च्याउ सुकाउन सकिन्छ।

## (ख) गोब्रे च्याउखेती



जंगली अवस्थामा धेरैजसो गोबर भएको स्थानमा उम्रिने भएकोले यो जातको च्याउलाई गोब्रे च्याउ भनिएको हो। यसलाई Bottom Mushroom (*Agaricus spp.*) पनि भनिन्छ। यो च्याउको खेती मौसम हेरी पहाडी भेगदेखि तराइसम्म गर्न सकिन्छ।

**आवश्यक सामग्रीहरु :**

१००० की.ग्रा. परालमा गोब्रे च्याउ खेती गर्न निम्नअनुसारका सामग्रीहरु आवश्यक पर्दछ ।

| | | |
|---|---|---|
| १. | पराल | १००० के.जी. |
| २. | युरिया | ५ के.जी. |
| ३. | एमोनियम सल्फेट | २० के.जी. |
| ४. | ट्रिपल सुपर फोस्फेट | ७ के.जी. |
| ५. | कृषि चुन | ३० के.जी. |
| ६. | बीउ | २० के.जी. |
| ७. | रसायनहरु : (क) फर्मालिन (ख) नुभान (ग) डेरोसाल | |

**खेती गर्ने समय :**

पहाडमा वर्षको २ पटक गोब्रे च्याउको खेती गर्न सकिन्छ । असार-साउनमा मल तयार गरी बीऊ छरेमा आश्विनदेखि मंसिर महिनासम्म च्याउ फल्दछ र पौष-माघमा कम्पोष्ट मल तयार गरी बीऊ छरेमा फाल्गुण देखि बैशाखसम्म च्याउ फल्दछ । तर, तराईमा चाही हिउँदमा मात्र गोब्रेच्याउ खेती हुन सक्छ ।

**कम्पोष्टमलको तयारी :**



गोब्रेच्याउ खेती गर्नका लागि आवश्यक पर्ने कम्पोष्ट मल, पराल, छ्वाली, मकैको ढोड आदिवाट बनाउन सकिन्छ । परालको कम्पोष्टमल बनाउन सर्वप्रथम परालालाई १ फिटको टुक्रा पारी काटेर १ दिन पहिले पानीमा भिजाउनु पर्दछ । त्यसको भोलिपल्ट ५ फीट लम्बाई र ५ फीट चौडाईको थुप्रो हुनेगरी परालालाई थुप्रो लगाउनुपर्छ । यसको साथमा युरिया र अमोनियम सल्फेटको मात्रा मिलाएर परालमा मिसाउनु पर्छ । यसो गरेको २८ दिनभित्र उक्त परालालाई ८ पटक पल्टाए पछि च्याउखेती गर्ने कम्पोष्ट मल तयार हुन्छ ।

**कम्पोष्ट मल बनाउन परालालाई पल्टाउने समय तालिका :**

| क्र.सं. | पल्टाई | दिन | कार्य विवरण |
|---|---|---|---|
| १ | पहिलो | पाँचौं | थुप्रो लगाएको पाँचौं दिनमा । |
| २ | दोस्रो | दशौं | पराल पल्टाउँदै कृषि चुन मिसाउँदै गर्नुपर्छ । |
| ३ | तेस्रो | तेह्रौं | केही पनि नमिसाईकन पराल पल्टाउने मात्र । |
| ४ | चौथो | सोह्रौं | ट्रीपल सुपर फस्फेटको सबै मात्रा मिसाएर पल्टाउनु पर्छ । |
| ५ | पाँचौं | १९ औं | पराल कुहेको मललाई पल्टाउने मात्र । |
| ६ | छैठौं | २२ औं | कीरा र रोगनासक विषादी औषधीहरु छरेर पल्टाउने । |
| ७ | सातौं | २५ औं | मलमात्र पल्टाउने । |
| ८ | आठौं | २८ औं | च्याउ रोप्न तयारी कम्पोष्ट मल तयार । |

**कम्पोष्ट मल तयार भएको जाँच्ने तरिका :**

कम्पोष्ट मलमा पानी (चिस्यान) को मात्रा ७० प्रतिशत र पी.एच. करिब ७-७.५ हुनुपर्छ । अलिकति कम्पोष्ट हातमा लिएर मुठी पारी थिच्दा पानी बाहिर नबगेर हातमात्र भिजेको भए मलमा पानीको मात्रा ठीक भएको मान्नुपर्छ । यस मललाई सुँघ्दा अमोनिया ग्यासको गन्ध आउनु हुँदैन । परालका तान्द्रालाई तन्काउँदा सजिलै चुँडिने हुनुपर्छ । यसरी तयार भएको मलमा च्याउको बीउ रोप्नु पर्छ ।



## च्याउ रोप्ने तरिका :

### च्याउ रोप्ने कोठा सफा गर्ने :

च्याउ रोप्नुभन्दा पहिले कोठा सफा गरेर २ ग्राम ढुसीनासक विषादी डेरोसाल र १ मि.लि. कीरानासक विषादी नुभानलाई १ लि. पानीमा मिसाएर कोठाको सबैतिर स्प्रे गरेर कोठालाई निर्मल (अति सफा) बनाउनु पर्छ ।

### च्याउ रोप्ने ब्याड बनाउने तरिका :



च्याउ रोप्ने ब्याड जग्गाको उपलब्धता अनुसार जग्गा प्रशस्त भए भुईंमा मात्रै र जग्गा प्रशस्त नभए कोठामा तखता (Rack) हरु बनाएर पनि खेती गर्न सकिन्छ। ब्याडको आकारमा चौडाइ ३ देखि ४ फिट, उचाई १ बित्ता र लम्बाई कोठाको लम्बाईअनुसार नै गर्न सकिन्छ। ब्याड बनाई सकेपछि कुनै ईट वा ईटको जत्ति नै तौल भएको बस्तुले हलुकासँग थिच्नु राम्रो हुन्छ। ८० किलोग्राम कम्पोष्ट मलले एक वर्गमिटर क्षेत्रफल भरीको ब्याड बन्दछ।

### बीउ छर्ने :



१००० किलोग्राम मलको लागि २०-३० बोतल च्याउको बीउको आवश्यकता पर्छ। ब्याडको माथि बीउ छरेपछि कम्पोष्टले २-३ अङ्गुल बीउलाई ढाक्नुपर्छ। त्यसमाथि पनि पातलो हुनेगरि बीउ छरेर कागज वा प्लाष्टीकले छोपी उक्त कागज मात्र भिज्नेगरी पानी छर्कनु पर्छ। अब यसलाई ३ हप्तासम्म छोपेर राख्नु पर्छ। यतिबेला च्याउ रोपेको कोठाको तापक्रम २०-२५ डिग्री सेन्टिग्रेड हुनुपर्छ। यसको २० दिनपछि ब्याड भरिनै ढुसी फैलिएर सेतो भएको हुन्छ।

**माटोले छोप्ने (केसिङ्ग) :**

केसिङ्ग गर्नका लागि करिब ६ देखि १२ ईञ्च गहिरो जमीनको दोमट वा चिम्ट्याईलो माटो उपयुक्त हुन्छ। यस्तो माटो १०० किलोग्राममा २ किलोग्राम कृषि चुन मिसाउनु पर्छ। यो माटोलाइ थुप्रो लगाउँदा ४-५ अङ्गुलको तहमा पर्ने गरी फर्मालिन छर्नुपर्छ र ३ दिन (७२ घण्टा) हावा बन्द हुने गरि छोपेर राख्नुपर्छ। त्यसपछि एकपल्ट पल्टाएर माटोको चिस्यान ठीक भए नभएको जाँच्नु पर्छ। माटोको पी.एच.(अम्लियपना) ७.५ देखि ८ सम्म हुनु राम्रो हुन्छ। अब यो माटोले हल्का थिच्दै २ अङ्गुल जति बाक्लो हुनेगरि च्याउ रोपेको ब्याडलाई छोप्नुपर्छ। केसिङ्ग गरेको १० दिनसम्म कोठाको तापक्रम २६ डिग्री सेन्टीग्रेडमा राखेर ११ औं दिनदेखि कोठाको तापक्रम १४ देखि १८ डिग्री सेन्टीग्रेडमा घटाउनु पर्छ। च्याउखेती गरिएको कोठाको सापेक्षिक आर्द्रता ८० प्रतिशत हुनुपर्छ र हावाको सञ्चालन राम्रो हुनुपर्छ।

**च्याउ टिप्ने :**



केसिङ्ग गरेको ३ हप्तापछि ब्याडमा कनिका जस्ता साना साना सेता च्याउका फलहरु देखिन्छन्। यसको एक हप्तामा च्याउ ठूला भएर टिप्न लायक हुन्छन्। च्याउ टिप्दा च्याउ माटोमा नछुटोस् भनी मिलेसम्म फेदैमा समातेर बटार्नु पर्छ। यसरी च्याउ टिपेपछि च्याउ टिपेको ठाउँमा खाल्डो पर्न सक्छ। यस्तो खाल्डोमा उपचार गरेको माटो भरेर पुर्नुपर्छ। यसरी बनाईएको ब्याडवाट २-३ महिनासम्म च्याउ टिपीरहन सकिन्छ।

**रोग र कीराको रोकथाम :**

च्याउखेती नै एक प्रकारको ढुसी हो तापनि यसमा अरु प्रकारका ढुसीले आक्रमण गर्दछन् । गोब्रेच्याउमा लाग्ने मुख्य रोग ब्राउन प्लाष्टर मोल्ड हो र केही झिँगा र सुल्सुलेहरु लाग्न सक्छन ।

- **ब्राउन प्लाष्टर मोल्ड** (Brown plaster mould) :
  यो रोग च्याउको बीउ रोपी सकेपछि वा केसिङ्ग गरिसकेपछि पनि लाग्न सक्छ । ब्याडमाथि पहिले सेतो अनि फिक्का खैरो त्यसपछि गाढा खैरो धुलो देखिनु यो रोगको मुख्य लक्षण हो । राम्रोसँग सफा नभएको र हावाको सञ्चालन राम्रो नभएका कोठामा गरिएको च्याउखेतीमा यो रोग छिटो फैलिन्छ र बढी समस्या पर्दछ । यो रोगको नियन्त्रणको लागि २ प्रतिशतको "**फर्मालिन**" अथवा २ ग्राम "**डेरोसाल**" लाई १ लिटर पानीमा मिसाएर छर्नुपर्छ ।
- यो च्याउखेतीमा मुख्य दुई प्रकारका झिँगाले आक्रमण गर्दछन् । यी झिँगा नियन्त्रणको लागि २ मिलि लिटर "**मालाथियन**" भन्ने विषादी १ लिटर पानीमा मिसाएर बीउ रोप्नुभन्दा २ दिन अगाडि वा केसिङ्ग गर्नुभन्दा २ दिन पहिले ब्याडभरि पर्ने गरि छर्नु पर्छ ।
- च्याउका सुल्सुले पनि धेरै साना भुसुना जस्तै कीरा हुन् । यीनले हुर्किरहेको च्याउको रसलाई चुसेर बढ्न नदिएर नोक्सान गर्दछन् । त्यसैले यिनलाई मार्न १ लि. पानीमा २ मिलिलिटर "**नुभान**" भन्ने विषादी मिसाएर छर्नु पर्छ ।

**गोब्रेच्याउ खेतीको खर्च र आम्दानीको अनुमान :**

च्याउको खेती गर्ने तरिका, समय, क्षेत्रफल, कृषकसँग भएको ज्ञान र सिप आदिले नै त्यसबाट आउने फाइदा भर पर्छ । एउटा सामान्य प्रकारको फर्म स्थापना गर्दा लाग्ने खर्च र आम्दानीको अनुमान पेज नं. १९ मा प्रस्तुत गरिएको छ । जति ठुलोस्तरमा खेती गऱ्यो उति नाफाको अनुपात बढ्छ ।

**च्याउखेतीमा संलग्न निकायहरु :**

- व्यावसायिक कीट विकास केन्द्र, हरिहरभवन, ललितपुर
- बालीरोग विज्ञान महाशाखा, खुमलटार, ललितपुर
- कृषि प्रविधि तालिम केन्द्र, ग्वार्को, ललितपुर
- च्याउ प्रविधि केन्द्र, क्षेत्रपाटी, काठमाडौं
- च्याउ प्रविधि केन्द्र, गोदावरी, ललितपुर
- च्याउ बीउ उत्पादन केन्द्र, बलम्बु, काठमाडौं
- क्षेत्रीय बाली संरक्षण प्रयोगशाला (सुन्दरपुर, नेपालगञ्ज, पोखरा)

## ग) सिताके च्याउखेती

### परिचय

यो च्याउको छाताको वाहिरी सतहको रङ्ग कलेजी खैरो रंगको हुन्छ र त्यसमा सेता थोप्लाहरु हुन्छन । त्यसैले यो च्याउलाई नेपालीमा मृगे च्याउ भनिन्छ भने अँग्रेजीमा यसलाई सिताके (Shiitake) भनिन्छ । यसको बैज्ञानिक नाम लेन्टिनस इडोड्स (*Lentinula edodes*) हो । यो च्याउ नेपालको पहाडी भेगका जङ्गलहरुमा पनि पाईन्छ । यो च्याउ पहिले सानो गोलो छाता जस्तो आकारमा उम्रिन्छ र यसलाई धेरै दिनसम्म नटिपिकन राखेको खण्डमा निकै ठूलो छाता बन्छ । एउटा च्याउको तौल १५० ग्राम देखि २५० ग्रामसम्म हुन्छ ।



करिब ३००० वर्ष अगाडि देखि चीनका वैज्ञानिकहरुले यस च्याउको खेती कृत्रिम तरिकाले गर्न थालेका हुन् । चिनिया किसानहरुले त्यसपछि यसको प्रविधि जापानमा लगे र जापानमा यस च्याउ खेतीको धेरै विकास भयो ।

आजभन्दा २५ वर्ष अगाडि (वि.सं. २०३७-३८) सालमा जापानी स्वयंसेवक वातानाबेले नेपालमा सिताके च्याउखेती ओखर जातको काठवाट शुरु

गरेका हुन । तर यो काठ जंगलमा धेरै नपाईने र यसको विस्तार गरेमा जंगल नास हुने कारणले यो च्याउ खेती प्रविधि कृषकस्तरमा विस्तार गरिएन ।

सिताके च्याउखेती काठका मुढाहरुमा गरिने भएकोले यसको तरिका अलि फरक किसिमको छ । यो च्याउ खेती गर्दा लामो समय लाग्ने भएकाले काठका मुढाहरुको स्याहार गर्ने आदि तरिकाहरुमा ध्यान राख्नु पनि त्यत्तिकै जरुरी छ ।

## आवश्यक सामग्रीहरु

| | | |
|---|---|---|
| क) | काठमा प्वाल पार्ने ड्रिलिङ्ग मेसिन वा बर्मा | = १ |
| ख) | ड्रिल विट (१ देखि १.५ सेन्टिमिटरको आकारको) | = १ |
| ग) | कोरा मैन | = आवश्यकता अनुसार |
| घ) | मैन पगाल्ने सानो डिक्ची वा कराई | = १ |
| ङ) | एउटा लामो सिन्को (टुप्पोमा कपडाले बेरेको) | = १ |
| च) | सिताके च्याउको बीउ | = आवश्यकताअनुसार |
| छ) | प्लाष्टिक सिट | = आवश्यकताअनुसार |
| ज) | सक्खर वा गुँड | = आवश्यकताअनुसार |

## काठको छनोट

यो च्याउ बिशेष प्रकारको काठमा उम्रने भएकोले अनुसन्धानबाट उपलव्ध नतिजा अनुसारको काठका जातहरुमात्र छान्नु पर्छ जस्तैः- उत्तीस, कटूस, सौर वा बांझ, खरी, लाँकुरी । यी जातका काठहरु मध्ये आफ्नो ठाउँमा उपलब्ध हुने जातका काठहरु व्यवस्था गर्नु पर्छ ।

## काठको मुढाको तयारी

यो च्याउखेती गर्नका लागि उत्तीस काठका मुढाहरु काट्दा रुखको उमेर कम्तिमा ५ वर्षको हुनुपर्छ र त्योभन्दा बढी भए अझ राम्रो हुन्छ । काठ कार्तिक देखि माघ महिनासम्ममा काट्नु पर्छ । काठको मुढाको आकार (लम्बाई १



मिटर र गोलाई(ब्यास) १०-१५ सेन्टिमिटर) हुनु उपयुक्त हुन्छ। काठ काट्दा मुढाको बोक्रा निकाल्नु वा बोक्रामा चोटपटक लाग्न दिनुहुँदैन। यसरी काठ काटेपछि १-२ हप्तासम्म सिधा घाम नपर्ने ठाउँ (रुखको छहारी) मा राख्नु पर्छ। यदि काठमा चिस्यान कम(सुखा) नै छ भने रुख काटेको २-४ दिनभित्रै बीउ रोप्न सकिन्छ। बीउ रोप्ने बेला काठको चिस्यान ४० देखि ४५ प्रतिशत हुनुपर्छ।

**काठको मुढामा प्वाल पारी बीउ रोप्ने तरिका**

काठको मूढामा प्वाल पार्दा प्वालको गोलाई १ सेन्टिमिटर हुनुपर्छ र प्वालको गहिराई १.५ देखि २ सेन्टिमिटर हुनुपर्छ। यसरी मुढामा प्वाल पार्दा एउटा टुप्पोबाट अर्को टुप्पासम्म हार मिलाउनु पर्छ र एउटा प्वालबाट अर्को प्वाल १५ सेन्टिमिटर अर्थात् एक बित्ताको फरकमा हुनुपर्छ। ती प्वालका बीचमा फरक एक हारबाट अर्को हारसंग ५ सेन्टिमिटर वा ३ औंलाको हुनुपर्छ। एउटा हार पछि दोस्रो हारमा प्वाल पार्दा पहिलो हारको प्वालहरुको बीचमा पर्ने गरी प्वाल पार्नुपर्छ।



ठूलो मुढामा ३-४ हार प्वाल बनाउन सकिन्छ भने सानो मुढामा १-२ हार मात्र पनि हुन्छ। आवश्यक प्वालहरु पारिसकेपछि बीउ रोप्नु पर्छ। बीउ रोप्ने काम प्वाल पारेकै दिनमा गर्नु पर्छ। यो च्याउको बीउ काठको धुलोमा नै बनाईएको हुन्छ। ती प्लाष्टिक पाकेट (पाउच) वा सिसीबाट बुढी औंलाजत्रो एक टुक्रा बीउ निकालेर काठको प्वालमा राख्नु पर्छ। त्यसपछि औंलाले विस्तारै हल्का थिचेर मुढाको प्वालभित्र पसाउनु पर्छ तर धेरै थिच्न चाही पर्दैन। यसरी मुढाको प्वाल बीउले भर्नु पर्छ। मुढाको सबै प्वालमा यसरी बीउले भरेपछि एउटा भाँडामा तताई राखेको तातो मैनको झोलले सबै प्वाल टाल्नुपर्छ। मैनमा अलिकति रेजिन (गुँड) मिसाएको खण्डमा राम्रो हुन्छ। यसका लागि एउटा सिन्कोमा कपडा बेरेर प्रयोग गर्न सकिन्छ। यसरी काठका मुढामा प्वाल पार्ने, बीउले भर्ने र मैनले टाल्ने काम एकै दिनमा गर्नु पर्छ।

च्याउको बीउ रोपिसकेपछि च्याउको ढुसि मुढाको बोक्राको भित्रीभागको सतह (sap wood) मा फैलिन्छ र काठको बोक्राले यस ढुसी फैलिने प्रकृयालाई बचाई राख्छ । च्याउ निस्कने बेला काठको बोक्राले ठूलो मद्दत पुऱ्याउँदछ ।

**काठका मुढाहरुको हेरचाह**

काठका मुढाहरुमा बीउ रोपी सके पछि ती मुढाहरुलाई ३ किसिमले चाङ लगाउन सकिन्छ ।

- साधारण तरिकाले एकमाथि अर्को गरेर चाङ लगाउने ।
- मुढाहरु ठाडो पारेर चाङ लगाउने
- एक अर्कोको विपरित दिसा तर्फ फर्काएर तह तह गरेर (क्रिसक्रस) चाङ लगाउने ।



जाडो महिनामा बीउ रोपे पछि यी चाङ लगाएका काठहरुलाई प्लाष्टिकले छोपेर राख्नु धेरै राम्रो हुन्छ। यसले भित्रको चिस्यानको सन्तुलन मिलाउँछ। यी मुढाहरुलाई पहिलो महिनामा १ वा २ पटक पानी दिए पुग्छ। तर दोश्रो महिनामा तलका मुढा माथि र माथिका मुढाहरु तल पारी चलाउनु पर्छ र पानी पनि हप्तामा २-३ पटक छर्किनु पर्छ। महिनाको एक पटक मुढाहरु चलाउनु पर्छ। यसरी प्लाष्टिकले छोपेर राख्दा बोक्राको माथिबाट ढुसिहरु पलाएर आउन सक्छ। यसरी पलाएका ती ढुसिहरु सिताके च्याउको ढुसि भने होइनन्। त्यसैले ती ढुसिहरुलाई पानीले पखालेर सफा गर्नुपर्छ। प्लाष्टिकले छोप्ने काम जाडो मौसममा मात्र वा चैत्र र बैशाखसम्म पनि गर्न सकिन्छ र गर्मीमा खुल्ला राख्नु पर्छ र पानी पनि एकदिन बिराएर दिनुपर्छ। यसरी ६-७ महिनासम्म हेरचाह गरेर राखे पछि काठको मुढाभित्र सिताके च्याउको ढुसि कति फैलिएको छ भनी जाँच गर्न काटेर हेर्नु पर्छ। यी काठका मुढाको एक टुप्पो काटेर भित्रपट्टि हेर्दा सेता सेता धर्साहरु देखिन्छन्। यसरी ढुसि फैलिसकेको काठका मुढाहरु क्रमशः पानीमा गर्मी

महिनामा २४ घण्टासम्म र जाडो महिनामा २ देखि तिन दिनसम्म डुबाउनु पर्छ र त्यसपछि च्याउ निकाल्ने विधि अपनाउनु पर्छ ।

## च्याउ फलाउने तरिका



काठका मुढाहरुलाई पानीबाट निकालेर च्याउ फलाउनका लागि राम्रो छाप्रो वा कोठामा राख्नु पर्छ । यति बेला मुढाहरुलाई ठाडो पारेर राख्नु पर्छ र दिनको एक वा दुई पटक पानी दिनुपर्छ । यी मुढाहरुलाई १-२ हप्तासम्म प्लाष्टिकले छोपेको खण्डमा अझ राम्रो हुन्छ । तर बीच बीचमा खोलेर २-३ पटक राम्रो हावाको संचार पनि गराउनु पर्छ । च्याउ निस्कने बेला मुढाहरु एकले अर्कोमा नछुने गरी ठाडो राख्दा सिताके च्याउको आकार राम्रो हुन्छ । च्याउ पलाईरहेको बेलामा हावाको संचार राम्रो हुनुपर्छ साथै उज्यालो पनि हुनुपर्छ । यसबेला प्लाष्टिकले छोप्नु हुँदैन । मुढामा मात्र पर्ने गरी पानी हाल्नु पर्छ । च्याउ टिप्दा सुख्खा अवस्थामा टिप्नु पर्छ त्यसैले च्याउ टिप्ने अघिल्लो दिन पानी हाल्नु हुँदैन ।

## च्याउ फले पछि मुढाको हेरचाह



एकपटक मुढामा च्याउ राम्रोसंग फलिसकेपछि ती मुढाहरु निकालेर फेरी चाङ्ग लगाउनु पर्छ । सबै मुढाहरुमा एकैपल्ट च्याउ आउँदैन । कुनै कुनै मुढामा महिनाको शुरुमा सिताके च्याउ फलेको छ भने अरु मुढाहरुमा २-३ हप्ता पछि पनि फल्न सक्छ । त्यसैले जुन जुन मुढामा फलिसकेको छ ती मुढाहरुलाई मात्र चाङ्ग लगाएर राख्ने र ती मुढाहरुलाई २ महिनासम्म चाङ्ग लगाएर आराम दिनुपर्छ । त्यसपछि फेरि २४ घण्टा पानीमा डुबाई, च्याउ फलाउन कोसिस गर्नुपर्छ । यसरी काठका मुढाहरुमा पटक पटक गरी च्याउ फलाउन सकिन्छ । यसरी च्याउ रोपिएका

मुढाहरुमा ३ वर्षसम्म पटक पटक गरी च्याउ टिपी रहन सकिन्छ । ३ वर्षपछि मुढाहरु मकाई सक्छन त्यसैले ती मुढामा च्याउ पनि आउँदैन र केही पनि काम नलाग्ने हुन्छ । कडा खालका काठका मुढाहरु जस्तै : बाँझ, खरी जातको रुखका मुढा भए ४-५ वर्षसम्म पनि च्याउ फलाउन सकिन्छ तर उत्तीस, सौर आदि नरम जातका काठ (soft wood) २-३ वर्षपछि काम लाग्दैनन् ।

### च्याउ उत्पादन हुने अवस्था

सिताके च्याउ उत्पादन गर्नका लागि जंगलको वातावरण भएको ठाउँ वा राम्रो चिस्यान भएको ओसिलो ठाउँ हुनुपर्छ । यो च्याउ खास गरेर हाम्रो देशको उच्च पहाडी तथा मध्य पहाडी भेगमा मात्र राम्रो हुन्छ र गर्मी भएको तराईको हावापानीमा यसको खेती हुँदैन । यसका लागि उपयुक्त तापक्रम १५ देखि २५ डिग्री सन्टीग्रेड हो र उपयुक्त सापेक्षिक आर्द्रता ७०-९० प्रतिशत हो । यो च्याउ फलाउन अरु च्याउको तुलनामा अलि बढी मेहनत पनि गर्नुपर्छ ।

### समस्याहरु

सिताके च्याउ खेतीमा रोग र कीराको समस्या त्यति छैन । जंगली च्याउ आउने सम्भावना पनि कम नै छ । कीराको हकमा काठको गबारो कीरा (Wood Borer) ले मुढालाई खाएर समस्या पार्नसक्छ । तिनलाई सुरुङमा सिन्काले घोचेर वा हिलो माटो प्वालमा खाँदेर पनि मार्न सकिन्छ । यो च्याउखेति गरेका मुढामा विभिन्न रङ्ग (कालो, हरियो पहेंलो, रातो)का ढुसिहरु पलाउन सक्छन् । यस्ता ढुसिहरुलाई खुर्केर पानीले पखाली सफा गर्नुपर्छ ।

## ४) च्याउ उत्पादन आम्दानी खर्च अनुमान

**कन्ये च्याउ खेतीको आम्दानी खर्च अनुमान** (२०७६, **काठमाडौं**)

| क.सं. | सामग्रीको नाम | एकाइ | परिमाण | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| क. | **खर्च हुने सामग्री** | | | | |
| १ | पराल | कि.ग्रा. | १००० | १८ | १८,००० |
| २ | प्लास्टिक थैला | कि.ग्रा. | ८ | २५० | २,००० |
| ३ | च्याउको बीउ | बोतल /पोका | १५० | ६० | ९,००० |

| क्र.सं. | सामग्रीको नाम | एकाइ | परिमाण | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| | जम्मा खर्च | | | | २९,००० |
| **ख.** | **मेसिन/औजार** | | | | |
| १ | पराल काट्ने मेसिन | सङ्ख्या | १ | १००० | १,००० |
| २ | तेलको ड्रम | सङ्ख्या | १ | १५०० | १,५०० |
| ३ | स्प्रेयर/पम्प | | १ | ८००० | ८,००० |
| | जम्मा खर्च | | | | १०,५०० |
| | जम्मा खर्च (जम्मा खर्चको २०% मात्र यसमा) | | | | २,१०० |
| **ग.** | **इन्धन/दाउरा** | **कि.ग्रा.** | **४००** | **१५** | **६,०००** |
| **घ.** | **ज्याला (ज्यामी)** | | | | |
| १ | पराल काट्न | सङ्ख्या | २ | ४०० | ८०० |
| २ | बीउ रोप्न | सङ्ख्या | १० | ४०० | ४,००० |
| ३ | च्याउ टिप्न | सङ्ख्या | ३ | ४०० | १,२०० |
| ४ | पानी हाल्न, केलाउन | सङ्ख्या | ६ | ४०० | २,४०० |
| ५ | पराल भिजाउन | सङ्ख्या | २ | ४०० | ८०० |
| ६ | पराल बफाउन | सङ्ख्या | ७ | ४०० | २,८०० |
| | जम्मा खर्च | | | | १२,००० |
| **ङ** | **टहरा खर्च** | | ० | ० | ० |
| १ | बाँस | घना | २० | १५० | ३,००० |
| २ | प्लास्टिक (कालो) | कि.ग्रा. | ८ | २०० | १,६०० |
| ३ | सुतरीको डोरी(राम्रो) | कि.ग्रा. | २ | १६५ | ३३० |
| ४ | प्लास्टिक (सेतो) | कि.ग्रा. | २ | २२० | ४४० |
| ५ | सुकुल बुन्ने पराल | मुठा | १२० | २० | २,४०० |
| ६ | ज्यामी ज्याला | | ७ | ४०० | २,८०० |
| | जम्मा खर्च | | | | १०,५७० |
| जम्मा खर्च (जम्मा खर्चको ६०% मात्र यसमा समावेस छ) | | | | | ६,३४२ |

| क.सं. | सामग्रीको नाम | एकाइ | परिमाण | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| **च.** | **विद्युत खर्च** | युनिट | ७० | ९ | ५२५ |
| **छ.** | **व्याज (३ महिना)** | | ४०००० | १५ | १,५०० |
| व्यवस्थापकीय खर्च (किसानको तलब) रु. ७००० x ३ महिना | | | | | २१,००० |
| | **कुल खर्च (क,ख,ग,घ,ङ,च,छ)** | | | | ७८,४६७ |
| आम्दानी | | | | | |
| १ | ताजा च्याउ | कि.ग्रा. | १००० | १५० | १५०,००० |
| २ | मल (च्याउ टिपे पछिको पराल) | | १ | १५०० | १,५०० |
| ३ | दाउरा (बाँसका डाँडा, भाटा) | | १ | २००० | २००० |
| | कुल आम्दानी | | | | १,५३,५०० |
| | कुल खर्च (क,ख,ग,घ,ङ,च,छ) | | | | ७८,४६७ |
| | खुद नाफा | | | | ७५,०३३ |

नोट : यो अनुमान २०७६ चैत महिनामा काठमाडौं उपत्यकाको बजार भाउको आधारमा गरिएको छ। सुगम दुर्गम स्थानअनुसार अन्यत्र केही फरक हुन्छ।

## ५) च्याउ विषबाट बच्न अपनाउनु पर्ने केही सावधानीहरू :

- च्याउको विष लाग्नबाट बच्न अपनाउनु पर्ने केहि सावधानीहरु
- खान योग्य च्याउ नै हो भन्ने किटान नभएको च्याउ खान हुँदैन।
- जङ्गली गोब्रेच्याउ विषालु भए नभएको छुट्याउन नसकिने हुँदा यस्ता च्याउ खान हुँदैन।
- जङ्गली विषालु च्याउलाई कीरा, कमिला, खरायो, लोखर्के आदिले पनि नखाने हुँदा त्यस्ता चोखा (केहिले पनि नखाएका) च्याउलाई मानिसले पनि खानु हुँदैन।
- जनाव वा कीराले खाएर छोडेको च्याउ पनि मानिसले खान हुँदैन।
- धेरै छिप्पिएका, कीरा लागेका र ओईलाएका जङ्गली च्याउ खान हुँदैन।
- हेर्दा आकर्षक र सुगन्धित च्याउ बिषालु हुन्छन्। जस्तै, अमानिता मस्कारिया राम्रो देखिन्छ तर विषालु हुन्छ।

- च्याउलाई काट्डा दुधजस्तो सेतो रस आउने च्याउ खान हुँदैन ।
- खान हुन्छ भनेर चिनिएको च्याउ पनि पहिलो पटक खाएको भए थोरै मात्र खानु पर्छ ।
- बिषालु च्याउ खानुभन्दा च्याउ नखानु नै ठीक भन्ने मान्यता रहेको छ ।
- च्याउमाथि बिषालुको शंका भए त्यस्तो च्याउलाई नखाई कसैले नभेट्ने गरी पुरीदिनु नै उपयुक्त हुन्छ ।

## सन्दर्भ सूचि


१. देवकोटा, फणीन्द्रराज डा., कृषि विभाग, हरिहरभवन ललितपुर २०७६ ।

२. मानन्धर, डा. केशरी लक्ष्मी, च्याउ उत्पादन प्रविधि, कृषि प्रविधि केन्द्र, ललितपुर, २०६२ ।

३. न्यौपाने, शंकर प्रसाद, च्याउको महत्व र यसको खेती प्रविधि, व्यावसायिक कीट विकास निर्देशनालय, हरिहरभवन, ललितपुर, २०६३ ।

४. Sharma V.P. & Suman B.C., Diseases & Pests of Mushroom 2006.

५. Singh Reeti & Singh U.C., Modern Mushroom Cultivation 2005.

६. पोखरेल रमेशराज, बाली विरुवाका रोग, २०५२ ।